# धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६३

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "संचालक" भन्नाले धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले संचालक समितिको अध्यक्षलाई समेत जनाउनेछ ।

(ग) "अनुमतिपत्र" भन्नाले नियम ४ बमोजिम बोर्डबाट धितोपत्र व्यवसाय गर्न प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "धितोपत्र दलाल" भन्नाले नियम २६ को उपनियम (१) बमोजिमको कार्य गर्न धितोपत्र दलालको रुपमा अनुमतिपत्र प्राप्त कम्पनी सम्झनु पर्छ ।

(ङ) "धितोपत्र व्यापारी" भन्नाले नियम २६ को उपनियम (३) बमोजिमको कार्य गर्न धितोपत्र व्यापारीको रुपमा अनुमतिपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुमतिपत्रसम्बन्धी व्यवस्था

३. अनुमतिपत्रका लागि निवेदन दिनुपर्नेः (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीको रुपमा धितोपत्र व्यवसाय गर्न चाहने कम्पनी वा संगठित संस्थाले अनुमतिपत्र प्राप्त गर्नका लागि बोर्डले तोकेको समयमा अनुसुची- १ बमोजिमको ढाँचामा अनुसूची-२ मा तोकिए बमोजिमको निवेदन दस्तुर तथा अनुमतिपत्र दस्तुर सहित बोर्डसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिने निवेदनसाथ निवेदक कम्पनी वा संगठित संस्थाको सम्बन्धमा देहायको विवरण तथा कागजात सम्लग्न भएको हुनु पर्नेछ :-

(क) संस्थापक, संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा अनुसूची-३ बमोजिमको विवरण,

(ख) निवेदक कम्पनी वा संगठित संस्थाको सम्बन्धमा अनुसूची-४ बमोजिमको विवरण तथा कागजात,

(ग) कुनै कम्पनी वा संगठित संस्था धितोपत्र व्यापारीको संस्थापक भएमा उक्त कम्पनी वा संगठित संस्थाको अनुसूची-५ बमोजिमको विवरण तथा कागजात ।

(३) उपनियम (१) बमोजिम निवेदन साथ प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न, स्पष्ट गराउन, संशोधन गराउन वा थपघट गराउन वा संचालक वा कार्यकारी प्रमुखसंग लिखित वा मौखिक वा दुवै परीक्षा समेत लिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदकबाट थप विवरण वा कागजात माग गर्न, स्पष्ट गराउन, संशोधन गराउन वा थपघट गराउन आदेश दिएकोमा बोर्डले तोकेको समय भित्र तोकिए अनुसारको कार्य नगरेमा बोर्डले निवेदन खारेज गर्न सक्नेछ ।

(५) बोर्डले यस नियमावली बमोजिम अनुमतिपत्र प्रदान गर्नु अघि उपनियम (१) बमोजिम निवेदन साथ पेश गरेको विवरणमा कुनै परिवर्तन आएमा निवेदकले सो को जानकारी बोर्डलाई तुरुन्त दिनुपर्नेछ ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि रितपूर्वक पेश नभएका तथा तोकिए बमोजिमका विवरणहरु समावेश नगरिएका निवेदनहरु बोर्डले खारेज गर्न सक्नेछ ।

४. <u>अनुमतिपत्र प्रदान गर्ने:</u> (१) नियम ३ बमोजिम प्राप्त निवेदन र संलग्न विवरण तथा कागजात जाँचबुझ गर्दा ऐन र यस नियमावलीले गरेको व्यवस्थाको आधारमा अनुमतिपत्र प्रदान गर्न उपयुक्त देखिएमा बोर्डले निवेदकलाई नियम ५ बमोजिम पूर्वाधार तयार गर्न सूचित गर्नेछ ।

(२) नियम ५ बमोजिम पूर्वाधार तयार गरेको जानकारी प्राप्त भएको तीस दिन भित्र धितोपत्र दलाल वा धितोपत्र व्यापारीले तयार गरेको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्नेछ र पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था पर्याप्त देखिएमा धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र प्रदान गर्नेछ ।

(३) उपनियम (२) बमोजिम निरीक्षण तथा जाँचबुझ गर्दा धितोपत्र दलाल वा धितोपत्र व्यापारीले तयार गरेको पूर्वाधार धितोपत्र व्यवसाय संचालनका लागि अपर्याप्त देखिएमा बोर्डले बढीमा तीन महिनाको समय तोकी धितोपत्र दलाल वा धितोपत्र व्यापारीलाई थप व्यवस्था गर्न लगाउन सक्नेछ ।

(४) यस नियमावली बमोजिम अनुमतिपत्र प्रदान नगरिने निवेदकलाई अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएको सात दिन भित्र बोर्डमा बुझाएको अनुमतिपत्र दस्तुर फिर्ता गर्नुपर्नेछ ।

५. <u>पूर्वाधार तयार गर्नुपर्ने:</u> (१) नियम ४ को उपनियम (१) बमोमिज बोर्डले सूचित गरेको छ महिना भित्र धितोपत्र दलाल वा धितोपत्र व्यापारीले धितोपत्र व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तयार गरी सो को जानकारी बोर्डलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिनुपर्ने जानकारीमा देहायका कुरा खुलाइएको हुनुपर्नेछ :-

(क) कार्यालय रहेको स्थान तथा कार्यालयले ओगटेको क्षेत्रफल सम्बन्धी विवरण,
(ख) धितोपत्र व्यवसाय संचालनका लागि व्यवस्था गरिएको कार्यालय उपकरण तथा प्रविधि सम्बन्धी विवरण,
(ग) संगठन संरचना तथा कार्य बिभाजन सम्बन्धमा गरिएको व्यवस्था,
(घ) अनुसूची-७ बमोजिमको ढाँचामा जनशक्ति व्यवस्था सम्बन्धी विवरण,
(ङ) धितोपत्र कारोवारको अभिलेख राख्न तथा अभिलेखको सुरक्षा गर्न गरिएको व्यवस्था,
(च) प्रचलित कानून बमोजिम कर दर्ता भएको प्रमाण,
(छ) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा ।

६. <u>धितोपत्र व्यवसाय गरिरहेका धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले अनुमतिपत्र लिनुपर्ने :</u> (१) ऐन प्रारम्भ हुँदाका बखत धितोपत्र व्यवसाय गरिरहेका धितोपत्र दलाल वा धितोपत्र व्यापारीले अनुमतिपत्रका लागि यो नियमावली लागू भएको तीन महिनाभित्र अनुसूची-२ बमोजिमको अनुमतिपत्र दस्तुर र देहायका विवरण तथा कागजात बोर्ड समक्ष पेश गर्नुपर्नेछ :-

(क) अद्यावधिक प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,
(ख) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,
(ग) चुक्ता पूँजी प्रमाणित गर्ने निस्सा,
(घ) आफ्नो खाता रहेको प्रत्येक बैंकको कम्तीमा पछिल्लो तीन महिनाको बैंक स्टेटमेन्ट,
(ङ) साविकको धितोपत्र दलाल वा धितोपत्र व्यापारीको सक्कल प्रमाणपत्र,
(च) धितोपत्र व्यवसाय संचालनका लागि व्यवस्था गरिएको कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन, संगठन संरचना तथा कार्य बिभाजन, धितोपत्र कारोवारको अभिलेख तथा अभिलेखको सुरक्षा व्यवस्था सम्बन्धी अद्यावधिक विवरण,
(छ) संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी अनुसूची-३ बमोजिमको विवरण,
(ज) अनुसूची-७ बमोजिमको ढाँचामा कम्पनी वा संगठित संस्थाको जनशक्ति सम्बन्धी अद्यावधिक विवरण,
(झ) प्रतिनिधि सम्बन्धी विवरण ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन प्रारम्भ हुँदाका बखत धितोपत्र व्यवसाय गरिरहेका धितोपत्र दलाल वा धितोपत्र व्यापारीले साविकमा बुझाएको धितोपत्र व्यवसायीको प्रमाणपत्र दस्तुर कट्टा गरी बाँकी दस्तुर मात्र बुझाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम अनुमतिपत्र दस्तुर तथा तोकिएको विवरण र कागजात पेश गरेका धितोपत्र दलाल तथा धितोपत्र व्यापारीलाई बोर्डले आवश्यक जाँचबुझ गरी अनुसूची-६ बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नेछ।

(४) उपनियम (१) बमोजिम निवेदन पेश भएको तीन महिना भित्र धितोपत्र दलाल वा धितोपत्र व्यापारीको उपनियम (१) को खण्ड (च) बमोजिमको पूर्वाधार सम्बन्धमा बोर्डले स्थलगत निरीक्षण तथा जाँचबुझ गर्न सक्नेछ र पूर्वाधार सम्बन्धमा गरेको व्यवस्था अपर्याप्त देखिएमा थप व्यवस्था गर्न आवश्यक निर्देशन दिन सक्नेछ।

७. <u>सहायक कम्पनी मार्फत मात्र धितोपत्र व्यवसाय गर्न सक्ने:</u> (१) प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा बित्तीय संस्थाले आफ्नो शत प्रतिशत स्वामित्व भएको सहायक कम्पनी मार्फत मात्र धितोपत्र दलाल वा धितोपत्र व्यापारीको रुपमा कार्य गर्न सक्नेछ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलाली वा धितोपत्र व्यापार गर्ने सहायक कम्पनीको पूँजी संरचना, स्वामित्व तथा कारोबार लगायत बिषयका सम्बन्धमा बोर्डले समय समयमा छुट्टै व्यवस्थाहरु तोक्न सक्नेछ।

८. <u>अनुमतिपत्र नवीकरण:</u> (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीले प्रत्येक आर्थिक वर्षको लागि अनुसुची-२ बमोजिमको बार्षिक शुल्क सहित अनुसूची-८ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(२) आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नवीकरणका लागि निवेदन पेश नगर्ने धितोपत्र दलाल वा धितोपत्र व्यापारीले उक्त म्याद समाप्त भएपछि अनुमतिपत्र नवीकरण नगरे सम्म धितोपत्र कारोबार गर्न पाउने छैन।

(३) नियम ३६ बमोजिम बोर्डमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदन पेश नगर्ने धितोपत्र दलाल वा धितोपत्र व्यापारीको अनुमतिपत्र नवीकरण कार्य बोर्डले रोक्का राख्न सक्नेछ।

९. <u>अनुमतिपत्र निलम्बन वा खारेज:</u> अनुमतिपत्र निलम्बन वा खारेज गर्ने सम्बन्धी व्यवस्था बोर्डको व्यवस्थापन तथा कार्य सञ्चालन सम्बन्धी नियमावली अनुसार हुनेछ।

## परिच्छेद ३

## <u>पूँजी तथा स्वामित्व सम्बन्धी व्यबस्था</u>

१०. <u>न्यूनतम पूँजी तथा आर्थिक श्रोत:</u> (१) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले अनुसूची-९ मा तोकिए बमोजिम न्यूनतम चुक्ता पूँजी राख्नुपर्नेछ।

(२) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले राख्नुपर्ने तरल सम्पत्ति वा खुद पूँजी सम्बन्धी व्यवस्था बोर्डले समय समयमा तोके बमोजिम हुनेछ।

११. <u>स्वामित्व सम्बन्धी व्यवस्था:</u> (१) धितोपत्र दलालको अनुमतिपत्र लिन चाहने कम्पनीमा कम्तीमा दुई जना शेयरधनी हुनुपर्नेछ।

(२) कुनै पनि कम्पनी वा संगठित संस्थाले धितोपत्र दलालको स्वामित्व ग्रहण गर्न सक्ने छैन।

(३) कुनै व्यक्तिले एक भन्दा बढी धितोपत्र दलालको स्वामित्व ग्रहण गर्न सक्ने छैन।

(४) धितोपत्र दलालले धितोपत्र व्यापारीको स्वामित्व ग्रहण गर्न पाउने छैन।

(५) बोर्डले धितोपत्र व्यवसायको स्वच्छ संचालनका लागि आवश्यकता अनुसार धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको शेयरधनीले आफ्नो तथा अन्य व्यवसायीको स्वामित्व ग्रहण गर्ने सम्बन्धमा समय समयमा आवश्यक व्यवस्थाहरु तोकिदिन सक्नेछ।

(६) विदेशी व्यक्ति वा कम्पनी वा संगठित संस्थाले धितोपत्र दलाल वा धितोपत्र व्यापारीको स्वामित्व ग्रहण गर्ने भएमा प्रचलित कानून बमोजिम नेपालमा लगानी वा व्यवसाय गर्न अनुमति प्राप्त गरेको वा नेपाल सरकारले स्वीकृती दिएको हुनु पर्नेछ।

१२. स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था: (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा नामसारी गर्ने भएमा यस नियमावली बमोजिम योग्यता पुरा भएको तथा अयोग्यता नरहेको व्यक्ति, कम्पनी वा संस्थालाई बिक्री वा नामसारी गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालको शेयरधनीले आफूले ग्रहण गरेको शेयर अनुमतिपत्र प्राप्त भएको वा शेयर आफ्नो नाममा कायम हुन आएको मितिले एक बर्ष पूरा नभएसम्म बिक्री वा नामसारी गर्न सक्ने छैन ।

(३) धितोपत्र दलालको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा नामसारी गर्ने भएमा शेयर खरीद गर्न वा नामसारी गरी लिन चाहने व्यक्तिको यस नियमावली बमोजिम योग्यता पुरा भएको तथा अयोग्यता नरहेको व्यहोरा सहित सम्बन्धित कम्पनी मार्फत स्वीकृतीका लागि दस्तुर वापत हस्तान्तरण गरिने शेयरको अंकित मूल्यको शून्य दशमलब पच्चीस प्रतिशतका दरले हुने रकम सहित बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदनसाथ शेयर खरीद गर्न वा नामसारी गरी लिन चाहने व्यक्तिको अनुसूची-३ बमोजिमको विवरण तथा कागजात पेश गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम प्राप्त निवेदन तथा सम्लग्न कागजातको जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा निवेदकबाट थप विवरण वा कागजात माग गर्न वा कुनै विषयमा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम पेश भएको निवेदन तथा संलग्न कागजातको जाँचबुझ गर्दा वा उपनियम (५) बमोजिम थप विवरण माग गरेकोमा त्यस्तो विवरण प्राप्त भएपछि बोर्डले ऐन तथा यस नियमावलीको अधीनमा रही शेयर बिक्री वा नामसारीको लागि स्वीकृती प्रदान गर्नेछ ।

(७) धितोपत्र व्यापारीको शेयरधनीले आफूले ग्रहण गरेको शेयर बिक्री वा नामसारी गर्ने भएमा त्यसरी बिक्री वा नामसारी गर्नु भन्दा कम्तिमा पन्ध्र दिन अगाडी शेयर खरीद वा नामसारी गरी लिनेको यस नियमावली बमोजिम योग्यता पुरा भएको व्यहोरा सहित शेयर खरीद वा नामसारी गरी लिने व्यक्ति भएमा अनुसूची-३ तथा कम्पनी वा संगठित संस्था भएमा अनुसूची-५ बमोजिमको विवरण तथा अन्य कागजात बोर्ड समक्ष पेश गर्नुपर्नेछ ।

(८) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निष्काशन भएको धितोपत्र भएमा स्वामित्व हस्तान्तरण सम्बन्धमा यो नियमको व्यवस्था लागू हुने छैन ।

१३. स्वामित्व ग्रहण गर्न नसक्ने : देहायको कुनै पनि ब्यक्ति धितोपत्र व्यापारीको संस्थापक हुन तथा धितोपत्र दलालको स्वामित्व ग्रहण गर्न योग्य हुने छैन :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरी सजाँय पाएको भए त्यस्तो सजायँ भुक्तान भएको पाँच बर्ष पूरा नभएको,
(ख) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाँय पाएको भए त्यस्तो सजायँ भुक्तान भएको पाँच बर्ष पूरा नभएको,
(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,
(घ) कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए उक्त सूचीबाट हटेको एक वर्ष पूरा नभएको,
(ङ) अन्य धितोपत्र दलाल वा अन्य धितोपत्र व्यापारी कम्पनीमा कुनै लाभको पद ग्रहण रहेको,
(च) नियम १५ बमोजिम अयोग्यता रहेको कम्पनी वा संगठित संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख रहेको ।

१४. धितोपत्र व्यापारीको संस्थापक हुन नसक्ने : (१) देहायको कुनै पनि कम्पनी वा संगठित संस्था धितोपत्र व्यापारीको संस्थापक हुन योग्य हुने छैन :-

(क) साहूको ऋण तिर्न नसकी दामासाही सम्बन्धी कारवाहीमा परेको,
(ख) बित्तिय विवरण सार्वजनिक गर्नुपर्ने कम्पनी वा संगठित संस्थाको हकमा लगातार तीन वर्षसम्म लेखा परीक्षण भएको बित्तीय विवरण सार्वजनिक नगरेको,
(ग) कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए उक्त सूचीबाट हटेको एक वर्ष पूरा नभएको,
(घ) नियम १४ बमोजिम अयोग्यता रहेको व्यक्ति संस्थापक, संचालक वा कार्यकारी प्रमुख रहेको ।

१५. संचालनमा रहेको धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले गर्नुपर्ने: ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले यो नियमावली प्रारम्भ भएको मितिले एक बर्षभित्र यस नियमावली बमोजिम हुने गरी पूँजी, स्वामित्व संरचना तथा शेयरधनी कायम गरी गराई बोर्डलाई जानकारी दिनुपर्नेछ ।

## परिच्छेद ४

## संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

१६. संचालक तथा कार्यकारी प्रमुखको नियुक्तिः (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीले यस नियमावली बमोजिम योग्यता पूरा भएको तथा अयोग्यता नरहेको संचालक तथा कार्यकारी प्रमुख नियुक्त गर्नुपर्नेछ ।

(२) धितोपत्र दलाल वा धितोपत्र व्यापारीको नयाँ संचालक वा कार्यकारी प्रमुख नियुक्त भएमा नियुक्त भएको सात दिन भित्र यस नियमावली बमोजिम योग्यता पुगेको व्यहोरा सहित अनुसूची-३ बमोजिमको विवरण समेत सम्लग्न गरी बोर्डलाई जानकारी दिनुपर्नेछ ।

१७. संचालक तथा कार्यकारी प्रमुखको योग्यताः धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक तथा कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) संचालक समितीको अध्यक्ष सहित कम्तीमा दुई तिहाई संचालक र कार्यकारी प्रमुख अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको वा अन्य कुनै बिषयमा स्नातक उपाधी हासिल गरेको र उद्योग, बाणिज्य वा धितोपत्र बजार वा बित्तीय क्षेत्रमा लेखा वा वित्त वा कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव भएको,

(ख) नेपाली नागरिक भएको,

तर नेपाल सरकारले स्वीकृती दिएको अवस्थामा विदेशी नागरिक समेत संचालक वा कार्यकारी प्रमुख हुन सक्नेछ ।

१८. संचालक वा कार्यकारी प्रमुखको अयोग्यताः धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक वा कार्यकारी प्रमुखको देहाय बमोजिमको अयोग्यता रहेको हुनुहुँदैन :-

(क) बहुलाएको वा मगज बिग्रेको,

(ख) सूचिकृत संगठित संस्थामा संचालक, कर्मचारी वा लेखा परीक्षक रहेको,

(ग) अन्य धितोपत्र दलालमा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको,

(घ) फौज्दारी अभियोगमा कसुरदार ठहरी सजाँय पाएको भए सजायँ भुक्तान भएको पाँच बर्ष पूरा नभएको,

(ङ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,

(च) प्रचलित कानून बमोजिम तिर्नुपर्ने आयकर दाखिला नगरेको,

(छ) आफू वा आफू संचालक वा कार्यकारी प्रमुख रहेको कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए उक्त सूचीबाट हटेको एक वर्ष पूरा नभएको,

(ज) बोर्ड, धितोपत्र बजार वा अन्य धितोपत्र व्यवसायीको बहालवाला कर्मचारी रहेको ।

१९. योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरताः (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीले आफ्नो संचालक तथा कार्यकारी प्रमुखको योग्यता सम्बन्धी व्यवस्था अनुमतिपत्रको अवधि भर निरन्तर रुपमा कायम राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता नरहेमा त्यसरी योग्यता नरहेको मितिबाट सम्बन्धित संचालक वा कार्यकारी प्रमुख स्वतः हटेको मानिनेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था परेमा धितोपत्र दलाल वा धितोपत्र व्यापारीले बोर्डलाई तुरुन्त जानकारी दिई त्यस्तो अवस्था भएको तीस दिनभित्र यस नियमावली बमोजिम कार्यकारी प्रमुख वा संचालकको नियुक्ती गरी बोर्डलाई जानकारी दिनुपर्नेछ ।

२०. संचालनमा रहेको धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले गर्नुपर्ने : ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले यो नियमावली लागू भएको मितिले छ महिनाभित्र यस नियमावलीमा तोकिएको योग्यता तथा व्यवस्था पूरा भएको संचालक तथा कार्यकारी प्रमुखको व्यवस्था गरी बोर्डलाई जानकारी दिनुपर्नेछ ।

## परिच्छेद ५

## प्रतिनिधि सम्बन्धी व्यबस्था

२१ प्रतिनिधि नियुक्त गर्नुपर्नेः (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीले यस नियमावली बमोजिम योग्यता पुगेको कम्तीमा एक जना व्यक्तिलाई प्रतिनिधि नियुक्त गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त प्रतिनिधि ऐनको दफा ६५ बमोजिम आधिकारिक प्रतिनिधिको रुपमा बोर्डमा दर्ता भए पछि मात्र धितोपत्र कारोबार गर्नु पर्नेछ र धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको आधिकारिक प्रतिनिधि दर्ता नभइ धितोपत्र कारोबार गर्न पाइने छैन ।

(३) उपनियम (१) बमोजिम नियुक्त प्रतिनिधिले आधिकारिक प्रतिनिधिको रुपमा बोर्डमा दर्ता हुनका लागि देहायका विवरण तथा कागजात सम्लग्न गरी अनुसूची-१० बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनुपर्नेछ :-

(क) अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिनिधि सम्बन्धी विवरण,
(ख) प्रतिनिधि नियुक्ती सम्बन्धमा गरेको सम्झौताको प्रतिलिपि,
(ग) प्रतिनिधिलाई तोकिएको कार्य जिम्मेवारी ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि बोर्डले आवश्यक देखेमा निवेदकसंग कुनै थप विवरण वा कागजात माग गर्न, स्पष्ट गराउन तथा लिखित वा मौखिक वा दुवै परीक्षा लिन सक्नेछ ।

(५) उपनियम (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा उपयुक्त देखेमा बोर्डले प्रतिनिधिको दर्ता कितावमा दर्ता गरी अनुसुची-११ बमोजिमको ढाँचामा निवेदकलाई आधिकारिक प्रतिनिधिको रुपमा दर्ता भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

(६) ऐन लागू हुँदाका बखत कार्य गरिरहेको प्रतिनिधिले यो नियमावली लागू भएको तीन महिनाभित्र आधिकारिक प्रतिनिधिको रुपमा दर्ता हुन उपनियम (३) बमोजिम बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

२२. प्रतिनिधि नियुक्ति गर्ने कार्यविधिः (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीले प्रतिनिधि नियुक्ति गर्ने सम्बन्धमा प्रतिनिधि नियुक्त हुने व्यक्ति तथा कम्पनीको तर्फबाट सम्झौता गर्ने अधिकारी समेत खुलाई संचालक समितिबाट निर्णय गरेको हुनु पर्नेछ ।

(२) प्रतिनिधि नियुक्त गर्दा प्रतिनिधिले गर्ने कार्य, बहन गर्नुपर्ने दायित्व, प्रतिनिधि बहाल रहने अवधि तथा अन्य आवश्यक कुरा खुलाई सम्झौता गर्नुपर्नेछ ।

(३) प्रतिनिधिको नियुक्ति तथा कार्य सञ्चालन सम्बन्धमा बोर्डले थप व्यवस्था तोक्न सक्नेछ ।

२३. प्रतिनिधिको योग्यताः (१) धितोपत्र दलाल वा धितोपत्र व्यापारीको आधिकारिक प्रतिनिधिको योग्यता अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्त, लेखा, व्यवस्थापन वा कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको तथा उद्योग बाणिज्य वा धितोपत्र बजार वा बित्तीय क्षेत्रमा लेखा वा वित्त वा कानून वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा दुई बर्ष कार्य गरेको अनुभव भएको हुनुपर्नेछ ।

(२) ऐन प्रारम्भ हुँदाका बखत धितोपत्र व्यवसाय गरिरहेको धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले यो नियमावली लागू भएको एक बर्ष भित्र उपनियम (१) बमोजिम योग्यता पुरा भएको प्रतिनिधि नियुक्त गरी सक्नुपर्नेछ ।

२४. प्रतिनिधिको अयोग्यताः (१) देहायको व्यक्ति धितोपत्र दलाल वा धितोपत्र व्यापारीको प्रतिनिधि हुन अयोग्य मानिनेछ :-

(क) बहुलाएको वा मगज बिग्रेको,
(ख) फौज्दारी अभियोगमा कसुरदार ठहरी सजायँ पाएको भए सजायँ भुक्तान भएको पाँच बर्ष पूरा नभएको,
(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको भए दामासाहीमा परेको पाँच वर्ष पूरा नभएको,
(घ) प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता नगरेको,
(ङ) कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए उक्त सूचीबाट हटेको एक वर्ष पूरा नभएको ।

(२) कुनै व्यक्ति एक भन्दा बढी धितोपत्र व्यवसायी कम्पनी वा संगठित संस्थाको प्रतिनीधि नियुक्त हुन सक्ने छैन ।

२५. <u>योग्यता सम्बन्धी व्यवस्थाको निरन्तरता:</u> (१) प्रतिनिधिले यस नियमावली बमोजिमको आवश्यक योग्यता निरन्तर रुपमा कायम राख्नु पर्नेछ ।

(२) यस नियमावली बमोजिमको योग्यता कायम नरहेमा वा अयोग्य भएमा त्यसरी अयोग्य भएको मितिबाट धितोपत्र दलाल वा धितोपत्र व्यापारीले सम्बन्धित प्रतिनीधिलाई हटाई बोर्डलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ६

## कारोबार सम्बन्धी व्यवस्था

२६. <u>दर्ता भएको धितोपत्र मात्र कारोवार गर्नुपर्ने:</u> (१) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले बोर्डमा दर्ता भएको धितोपत्रको मात्र कारोवार गर्नुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले नेपाल सरकारले जारी गरेको धितोपत्र र बोर्डले तोके बमोजिमका अन्य धितोपत्रको कारोवार गर्न वाधा पर्ने छैन ।

(३) धितोपत्र दलाल तथा व्यापारीले ऐन, ऐन अन्तर्गत बनेको नियम र जारी गरिएको निर्देशन तथा धितोपत्र बजारको बिनियममा व्यवस्था भए बमोजिम धितोपत्र कारोवार गर्नुपर्नेछ ।

२७. <u>धितोपत्र दलाल वा धितोपत्र व्यापारीले गर्न सक्ने काम:</u> (१) धितोपत्र दलालले ग्राहकको आदेश अनुसार ग्राहकको नामबाट मात्र धितोपत्र खरीद वा बिक्री गरी धितोपत्र दलाली सेवा प्रदान गर्न सक्नेछ ।

(२) धितोपत्र दलालले धितोपत्र दलाली सम्बन्धी व्यवसाय बाहेक अन्य कार्य गर्न सक्ने छैन ।

(३) धितोपत्र व्यापारीले देहाय बमोजिमको कार्य गर्न सक्नेछ :-

(क) आफ्नो नामबाट धितोपत्र खरीद वा बिक्री गर्ने,

(ख) धितोपत्रको खरीद तथा बिक्री दुवै मूल्य अंकित गरी त्यस्तो धितोपत्र आफ्नो नामबाट खरीद तथा बिक्री गरी बजार निर्माताको रुपमा कार्य गर्ने,

(ग) बोर्डले तोकेको व्यवस्था अनुसार धितोपत्रको अण्डरराइटिङ्ग गर्ने ।

(४) धितोपत्र दलाल कम्पनी तथा उक्त कम्पनीको संचालक, कार्यकारी प्रमुख, प्रतिनिधि, कर्मचारी तथा निजहरुको एकाघरका परिवारको सदस्यका लागि कम्पनी स्वयंले धितोपत्र खरीद वा बिक्री गर्न पाउने छैन ।

(५) धितोपत्र व्यापारीले आफूले जारी गरेको धितोपत्रको व्यापार गर्न सक्ने छैन ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डले आवश्यक व्यवस्था तथा शर्त तोकी धितोपत्र व्यापारीलाई धितोपत्र दलाली वा धितोपत्र सम्बन्धी अन्य व्यवसाय गर्न वा धितोपत्र दलाललाई धितोपत्र व्यापार गर्न पाउने गरी अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

२८. <u>ग्राहकको आदेश दर्ता गर्नुपर्ने:</u> (१) धितोपत्र दलालले ग्राहकबाट आदेश प्राप्त गरी त्यस्तो आदेश दर्ता गरेर मात्र कारोबार गर्नु पर्नेछ ।

(२) धितोपत्र दलालले उपनियम (१) बमोजिम दर्ता भएको ग्राहकको आदेश बमोजिम कारोबार गर्दा मूल्य तथा समय प्राथमिकताको आधारमा गर्नुपर्नेछ ।

२९. <u>ग्राहकको अभिलेख राख्नुपर्ने:</u> (१) धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि अनुसूची-१२ बमोजिमको ढाँचामा पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख राख्ने समयमा धितोपत्र दलालले धितोपत्रको मूल्यमा हुनसक्ने उतार चढाव सम्बन्धमा विभिन्न प्रकृतीका जोखिमहरुका सम्बन्धमा ग्राहकलाई जानकारी गराउनु पर्नेछ ।

३०. <u>बैंक मार्फत रकम लेनदेन गर्नुपर्ने:</u> धितोपत्र दलालले ग्राहकसंग धितोपत्र सम्बन्धी कारोबार गर्दा बैंक मार्फत मात्र रकम लेनदेन गर्नुपर्नेछ ।

३१. <u>ग्राहकको रकम तथा कागजातको प्रयोग:</u> (१) धितोपत्र दलालले कुनै ग्राहकको रकम, धितोपत्र तथा कागजात आफ्नो लागि वा अन्य ग्राहकको लागि प्रयोग गर्न पाउने छैन ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबार गरेपछि प्राप्त गरेको रकम, धितोपत्र वा कागजात त्यसरी प्राप्त गरेकै दिन वा भोलिपल्टसम्म सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।

(३) धितोपत्र दलालले प्रत्येक ग्राहकको प्रमाणपत्र तथा रकमको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

३२. सेवा शुल्क तथा कारोवार दस्तुर सम्बन्धी व्यवस्था: (१) धितोपत्र दलालले धितोपत्र कारोबार सेवा उपलब्ध गराए वापत ग्राहकबाट अनुसूची- १३ बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

(२) ऐनको दफा ५० बमोजिम धितोपत्र बजारले कारोबार दस्तुर उठाई बोर्डमा बुझाउने प्रयोजनका लागि धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले धितोपत्र बजारमा अनुसूची-१४ बमोजिम कारोवार दस्तुर जम्मा गर्नु पर्नेछ ।

३३. कारोबार व्यवस्था तोकिदिन सक्ने: (१) सरकारी ऋणपत्र तथा अन्य बिशेष किसिमका धितोपत्र कारोबार सम्बन्धमा आवश्यकता अनुसार बोर्डले समय समयमा थप व्यवस्थाहरु तोकिदिन सक्नेछ ।

(२) धितोपत्र दलालले ग्राहकबाट कारोबार आदेश प्राप्त गर्ने, ग्राहक खाता खोल्ने, मार्जिन कारोबार गर्ने लगायतका बिषयमा ग्राहकसंग गर्नुपर्ने सम्झौताका सम्बन्धमा समय समयमा बोर्डले आवश्यक व्यवस्था तोकिदिन सक्नेछ ।

## परिच्छेद ७

## अभिलेख, जानकारी तथा विवरण प्रवाह सम्बन्धी व्यवस्था

३४. हिसाव किताव र अभिलेख दुरुस्त राख्नुपर्ने: (१) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले आफूले गरेको धितोपत्र कारोबार र हिसाब किताब स्पष्ट र यथार्थ रुपमा देखिने गरी अद्यावधिक अभिलेख राख्नुपर्नेछ ।

(२) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार लेखा राखी नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

(३) धितोपत्र दलाल र धितोपत्र व्यापारीले धितोपत्र कारोबार र ग्राहक सम्बन्धी राख्नुपर्ने अभिलेख र बिवरणको ढाँचा बोर्डले तोकिदिएमा सोही अनुसार राख्नु पर्नेछ ।

(४) यस नियम बमोजिम राख्नुपर्ने अभिलेख तथा विवरण अद्यावधिक रुपमा तयार गरी बोर्डले सो को निरीक्षण तथा जाँचबुझ गर्न चाहेको बखत उपलब्ध गराउनु सम्बन्धित धितोपत्र दलाल र धितोपत्र व्यापारीको कर्तव्य हुनेछ ।

३५. प्रतिवेदन पेश गर्नुपर्ने : (१) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तिय विवरण तथा उक्त वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेछ ।

(२) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र बोर्डसमक्ष त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्नेछ र अघिल्लो त्रैमासिक प्रतिवेदनमा उल्लेख भएको कुराहरुमा कुनै भिन्नता आएको भए सो सम्बन्धी जानकारी समेत उक्त प्रतिवेदन साथ पेश गर्नुपर्नेछ ।

(३) लगानीकर्ताको हित र बजार नियमनको आवश्यकता अनुसार उपनियम (१) तथा (२) बमोजिम पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा र उल्लेख हुनुपर्ने थप विवरण समेत बोर्डले तोकिदिन सक्नेछ ।

३६. सुचीकृत लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्ने: धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले बोर्डको व्यवस्थापन तथा कार्य संचालन सम्बन्धी नियमावली बमोजिम बोर्डले सुचीकृत गरेको लेखापरीक्षकमध्येबाट आफ्नो हिसाव किताव तथा कारोबारको लेखापरीक्षण गराउनुपर्नेछ ।

३७. जानकारी तथा विवरण पेश गर्नुपर्ने : (१) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले देहाय अनुसारको समयभित्र देहायका जानकारी तथा विवरण बोर्ड समक्ष पेश गर्नुपर्नेछ :-

(क) शाखा कार्यालय वा सम्पर्क कार्यालय बन्द गरेमा तीन दिन भित्र सो सम्बन्धी जानकारी,

(ख) आधिकारिक प्रतिनिधि स्वेच्छाले हटेमा वा निजलाई हटाइएमा सात दिन भित्र सो सम्बन्धी जानकारी,

(ग) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नु परेमा त्यसरी संशोधन गर्नु अघि संशोधनको व्यहोरा सहितको जानकारी,

(घ) बोर्डले समय समयमा तोकिदिएको अन्य सूचना, जानकारी तथा विवरण ।

(२) धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले देहायका कुराको सम्बन्धमा बोर्डलाई तुरुन्त जानकारी दिनुपर्नेछः-

(क) कार्यालयको ठेगाना, सम्पर्क टेलिफोन, फ्याक्स नम्बर, इमेल आदि परिवर्तन भएमा,

(ख) धितोपत्र दलाल तथा धितोपत्र व्यापारी वा धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको संस्थापक, संचालक तथा कार्यकारी प्रमुख उपर प्रचलित कानून बमोजिम कुनै कारवाही भएमा वा कारवाही अगाडी बढाइएको भएमा,

(ग) संस्थापक वा संचालक वा कार्यकारी प्रमुख वा व्यवसायी संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचिकृत भएमा ।

(घ) धितोपत्र व्यवसाय गर्न छाड्ने निर्णय गरेमा ।

## परिच्छेद ८

## विविध

३८. क्षतिपूर्ति कोषमा सहभागी हुनुपर्नेः ऐन बमोजिम धितोपत्र लगानीकर्ताहरुको हितको लागि क्षतिपूर्ति कोष स्थापना भएमा सम्बन्धित नियमावलीमा व्यवस्था भए बमोजिम धितोपत्र व्यवसायीले त्यस्तो कोषमा सहभागी हुनुपर्नेछ ।

३९. व्यावसायिक मर्यादा पालना गर्नुपर्नेः धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले बोर्डले जारी गरेको व्यावसायिक मर्यादा तथा आचार सहिंता सम्बन्धी निर्देशिकाको पालना गर्नुपर्नेछ ।

४०. तालिम लिनुपर्नेः बोर्डले धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको संचालक वा कार्यकारी प्रमुख वा कर्मचारी वा आधिकारिक प्रतिनिधिलाई तालिम वा प्रशिक्षण लिनुपर्ने गरी तोकिदिएमा त्यस्तो तालिम लिएको हुनुपर्नेछ ।

४१. शाखा खोल्न स्वीकृती लिनुपर्ने : धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले बोर्डको स्वीकृती लिएर धितोपत्र कारोवारका लागि शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

४२. कारवाहीको अभिलेख राख्नेः (१) धितोपत्र सम्बन्धी कानून तथा बोर्डद्वारा जारी गरिएको आदेश वा निर्देशनको पालना नगरेको कारण ऐन बमोजिम कारवाहीमा परेको धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा सम्बन्धित व्यक्तिको बोर्डले अभिलेख राख्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा समावेश भएको कम्पनी, संगठित संस्था, व्यक्ति वा सो व्यक्ति संलग्न कुनै पनि कम्पनी वा संगठित संस्थालाई धितोपत्र सम्बन्धी कानून बमोजिम उपलब्ध हुने सेवा प्राप्त गर्न बोर्डले रोक लगाउन सक्नेछ ।

४३. खारेज हुनेः ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले पूँजी, स्वामित्व संरचना तथा शेयरधनी, संचालक तथा कार्यकारी प्रमुख र प्रतिनिधि सम्बन्धी यस नियमावलीमा तोकिएबमोजिमको व्यवस्था पुरा नगरेमा अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

४४. यसै नियमावली बमोजिम हुनेः यस नियमावलीमा लेखिएको जतिमा यसै नियमावली बमोजिम र अरुमा अन्य नियमावली बमोजिम हुनेछ ।

४५. अनुसूचीमा हेरफेर वा थपघटः यस नियमावलीको अनुसूचीमा बोर्डले आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

४६. खारेजी र बचाउः १) धितोपत्र कारोबार नियमावली, २०५० मा धितोपत्र दलाल तथा धितोपत्र व्यापारी सम्बन्धमा भएका व्यवस्थाहरु खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएका नियम बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची– १

(नियम ३ को उपनियम (१) संग सम्बन्धीत)

**अनुमतिपत्रका लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड
.......................... ।

बिषयः अनुमतिपत्र पाउँ ।

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेको नियम, विनिमय, निर्देशिका तथा अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही .................................को रुपमा धितोपत्र व्यवसाय गर्ने इच्छा भएकोले तोकिएको दस्तुर तथा विवरण र कागजात सम्लग्न गरी यो निवेदन पेश गरेका छौ ।

हामीले धितोपत्र व्यवसाय गर्न तोकिएको योग्यता तथा व्यवस्थाहरु पुरा गरेका छौं । सम्लग्न कागजात तथा उल्लेखित विवरण सत्य तथ्य र अनुमान औचित्यपूर्ण छन् र कुनै पनि विवरण जानीजानी लुकाएको वा बढाई चढाई प्रस्तुत गरेको छैन । कुनै विवरण लुकाएको वा गलत कागजात वा विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संचालक तथा कार्यकारी प्रमुखः

नाम : दस्तखतः

निवेदक कम्पनी वा संगठित संस्थाः

नाम : ........................

ठेगानाः ........................अंचल..............................जिल्ला .................................. गा. वि.स. ⁄ न.पा.

टोल......................वडा नं.........ब्लक नं......... फोन नंः................. फ्याक्सः.................इमेल ..................

कम्पनी वा संगठित संस्थाको छापः

## अनुसूची– २

(नियम ३ को उपनियम (१), नियम ६ को उपनियम (१) तथा नियम ७ को उपनियम (१) संग सम्बन्धीत)

### निवेदन दस्तुर, अनुमतिपत्र दस्तुर र वार्षिक शुल्क

| | निवेदन दस्तुर | अनुमतिपत्र दस्तुर | वार्षिक शुल्क |
|---|---|---|---|
| १. धितोपत्र दलाल | रु. ५,०००।- | रु. ४०,०००।– | रु. २५,०००।– |
| २. धितोपत्र व्यापारी | रु. ८,०००।- | रु. ६०,०००।– | रु. ४०,०००।– |

## अनुसूची– ३

(नियम ३ को उपनियम (२) को खण्ड (क) तथा नियम ६ को उपनियम (१) को खण्ड (छ), नियम १३ को उपनियम (२) तथा नियम २२ को उपनियम (३) को खण्ड (क) संग सम्बन्धीत)

### संस्थापक/संचालक/कार्यकारी प्रमुख/आधिकारिक प्रतिनिधिको विवरण

फोटो

१. नाम:
२. स्थायी ठेगाना: ....................अंचल....................जिल्ला ......................... गा. वि.स./न.पा./म. न. पा.
टोल....................वडा नं.........ब्लक नं......... फोन नं:................ फ्याक्स:............इमेल .................
३. हालको ठेगाना: ...........................अंचल.......................जिल्ला ............................. गा. वि.स./न.पा.
टोल....................वडा नं.........ब्लक नं......... फोन नं:................ फ्याक्स:............इमेल .................
४. बाबुको नाम:
५. बाजेको नाम:
६. पति वा पत्निको नाम:
७. शैक्षिक योग्यता:
८. व्यवसायिक अनुभव:
९. तालिम:
१०. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै लाभको पद ग्रहण गरेको भए तत्सम्बन्धी विवरण:
११. सम्बन्धीत कम्पनी वा संगठित संस्थाको अन्य संस्थापक, संचालक, कार्यकारी प्रमुख वा प्रतिनिधिसंग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,
१२. धितोपत्र बजार वा अन्य धितोपत्र दलाल वा धितोपत्र व्यापारीको संचालक वा कार्यकारी प्रमुख वा प्रतिनिधिसँग नाता सम्बन्ध भए सो सम्बन्धी विवरण,
१३. आफू उपर वा आफू सम्बद्ध कुनै कम्पनी वा संगठित संस्था उपर धितोपत्र सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको वा भैरहेको भए सो सम्बन्धी विवरण:
१४. धितोपत्र दलाल वा धितोपत्र व्यापारीको स्वामित्व ग्रहण गर्न/संचालक/कार्यकारी प्रमुख/प्रतिनिधि हुन योग्यता पूरा भएको तथा अयोग्यता नरहेको उद्घोषण:

<u>दस्तखत</u>: ..........................

<u>सम्लग्न गर्नुपर्ने कागजात</u>:

१. अघिल्लो आर्थिक वर्षसम्मको कर दाखिला गरेको प्रमाण ।
२. कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए त्यस्तो सूचीबाट हटेको एक वर्ष पूरा भएको प्रमाणित गर्ने कागजात ।
३. योग्यता, अनुभव र अन्य संस्थामा सम्लग्नता भए सो समेत प्रमाणित गर्ने कागजातको प्रतिलिपि ।
४. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

## अनुसूची– ४

(नियम ३ को उपनियम (२) को खण्ड (ख) संग सम्बन्धीत)

### निवेदक कम्पनी वा संगठित संस्था सम्बन्धी विवरण तथा कागजात

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा स्थापना भएको संगठित संस्थाको हकमा सो ऐन र तत्सम्बन्धी नियम तथा विनियमको प्रति,

(घ) निवेदकले गर्ने धितोपत्र व्यवसायको किसिम अनुसारको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ङ) आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरण समेत समावेश भएको तीन वर्षीय व्यावसायिक योजना,

(छ) अनुमतिपत्र प्राप्त गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको प्रतिलिपि,

(झ) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पुरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(ञ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण भएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण,
(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तिय विवरण पेश गर्न सकिनेछ । )

(ठ) संस्थापकले ग्रहण गर्ने वा गरेको शेयर स्वामित्व तथा शेयरको चुक्ता रकम सम्बन्धी विवरण,

(ड) धितोपत्र व्यवसाय संचालनका लागि तयार गरिने संगठन तथा कार्य प्रणाली सम्बन्धी विवरण,

(ढ) ऐनको दफा ६४ बमोजिम तोकिएको प्रतिनिधिको नाम, ठेगाना, योग्यता, अनुभव तथा प्रतिनिधिको रुपमा कार्य गर्न भएको सम्झौता सम्बन्धी विवरण,

(ण) धितोपत्र व्यवसाय संचालनका लागि व्यवस्था गरिने कार्यालयको स्थान र क्षेत्रफल, कार्यालय उपकरण तथा संचार साधन, जनशक्ति, धितोपत्र कारोवारको अभिलेख तथा अभिलेखको सुरक्षा व्यवस्था सम्बन्धी विवरण,

(त) धितोपत्र व्यवसाय संचालनका लागि कुनै पूर्वाधार तयार गरिसकेको भए तत्सम्बन्धी विवरण,

(थ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(द) शेयरधनीहरु बीच कुनै सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपि,

(ध) धितोपत्र बजारको सदस्यता हुन उपयुक्त भएको व्यहोरा सहितको धितोपत्र बजारको सिफारिश सम्बन्धी विवरण,

(न) कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए उक्त सूचीबाट हटेको एक बर्ष पूरा भएको प्रमाणित गर्ने कागजात,

(प) बोर्डले समय समयमा तोकेको अन्य विवरण तथा कागजात ।

## अनुसूची–५

(नियम ३ को उपनियम (२) खण्ड (ग) तथा नियम १३ को उपनियम (२) संग सम्बन्धीत)

### धितोपत्र व्यापारीको शेयर ग्रहण गर्न चाहने कम्पनी वा संगठित संस्थाको सम्बन्धमा पेश गर्नुपर्ने विवरण तथा कागजात

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ग) कुनै विशेष ऐनद्वारा संस्था स्थापना भएको भए सो ऐन र तत्सम्बन्धी नियम तथा विनियम,

(घ) धितोपत्र व्यापारीको शेयर ग्रहण गर्ने सम्बन्धमा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार तयार गरी लेखा परीक्षण गरिएको अघिल्लो आर्थिक वर्षको वित्तीय विवरण तथा उक्त आर्थिक बर्षमा गरेको काम कारवाही समावेश गरिएको बार्षिक प्रतिवेदन,

(संस्थापना भई आर्थिक वर्ष पुरा नभएको कम्पनी वा संगठित संस्थाको हकमा व्यवस्थापनद्वारा प्रमाणित आवधिक वित्तिय विवरण तथा काम कारवाही सम्बन्धी विवरण पेश गर्न सकिनेछ ।)

(च) चुक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाम, पूरा ठेगाना, सम्पर्क टेलिफोन तथा ग्रहण गरेको स्वामित्वको विवरण,

(छ) कम्पनी वा संगठित संस्था यस नियमावली बमोजिम धितोपत्र व्यापारीको स्वामित्व ग्रहण गर्न अयोग्य नभएको उद्घोषण,

(ज) कम्पनी वा संगठित संस्था वा संचालक वा कार्यकारी प्रमुख उपर धितोपत्र सम्बन्धी कानून वा अन्य प्रचलित कानून बमोजिम कुनै कारवाही भएको भए सो सम्बन्धी विवरण,

(झ) अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व रहेको भए तत्सम्बन्धी विवरण,

(ञ) कम्पनी वा संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको भए उक्त सूचीबाट हटेको एक वर्ष पूरा भएको प्रमाणित गर्ने कागजात,

(ट) प्रचलित कानून बमोजिम कर दाखिला गर्ने प्रयोजनका लागि आय विवरण पेश गरेको प्रमाण,

(ठ) संचालक तथा कार्यकारी प्रमुखको सम्बन्धमा देहायको विवरण तथा कागजातः-

१. नाम तथा पूरा ठेगाना,

२. अन्य कम्पनी वा संगठित संस्थामा स्वामित्व वा कुनै सम्लग्नता रहेको भए तत्सम्बन्धी विवरण ।

## अनुसूची– ६

(नियम ४ को उपनियम (१) तथा नियम ६ को उपनियम (३) संग सम्बन्धीत)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र**

अनुमतिपत्र नं. ............

..............................मा मुख्य कार्यालय रहेको श्री....................................लाई धितोपत्र सम्बन्धी ऐन तथा यस अन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही ......................को रुपमा धितोपत्र व्यवसाय गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नवीकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली...................सम्म हुनेछ ।

अनुमतिपत्र दिने पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

बोर्डको छापः

# अनुसूची–७

(नियम ५ को उपनियम (१) को खण्ड (घ) तथा नियम ६ को उपनियम (१) को खण्ड (ज) संग सम्बन्धीत)

## जनशक्ति सम्बन्धी बिबरण

| क्र.सं. | पूरा नाम | ठेगाना | पद | कार्य जिम्मेवारी | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची–८

(नियम ७ को उपनियम (१) संग सम्बन्धित)

**<u>अनुमतिपत्रको नवीकरणको लागि दिने निवेदनको ढाँचा</u>**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड
............................ ।

बिषयः अनुमतिपत्र नवीकरण गरी पाउँ ।

धितोपत्र सम्बन्धी ऐन बमोजिम . . . . को रुपमा कार्य गर्न तहाँबाट प्राप्त अनुमतिपत्र मिति . . . . . . . . सम्म कायम रहेकोले नवीकरण गरी पाउनका लागि अनुमतिपत्र तथा बार्षिक शुल्क यसै साथ संलग्न गरी पेश गरेको छु ।

आधिकारिक दस्तखत :

नाम :

पद :

कम्पनी वा संगठित संस्थाको छापः

## अनुसूची–९

(नियम ११ को उपनियम (१) संग सम्बन्धीत)

**<u>चुक्ता पूँजी (न्यूनतम)</u>**

| | |
|---|---|
| १. धितोपत्र दलाल | रु. ३०,००,०००।– |
| २. धितोपत्र व्यापारी | रु.२,००,००,०००।– |

## अनुसूची– १०

(नियम २२ को उपनियम (३) संग सम्बन्धीत)

**प्रतिनिधि दर्ताका लागि दिने निवेदनको ढाँचा**

मितिः

श्री नेपाल धितोपत्र बोर्ड
............................ ।

बिषयः प्रतिनिधि दर्ता प्रमाणपत्र पाउँ ।

धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गतको नियम, विनिमय तथा अन्य प्रचलित कानूनको अधीनमा रही ........................को प्रतिनिधिको रुपमा कार्य गर्न मन्जुर गरी सम्झौता समेत भइसकेकोले तोकिएको कागजात र विवरण सम्लग्न गरी त्यस बोर्डमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

सम्लग्न बमोजिमका कागजात तथा उल्लेखित विवरण सत्य तथ्य छन् । गलत कागजात वा विवरण पेश गरेको ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :
दस्तखतः

## अनुसूची–११

(नियम २२ को उपनियम (५) संग सम्बन्धीत)

नेपाल धितोपत्र बोर्ड

काठमाण्डौ ।

**प्रतिनिधि दर्ता प्रमाणपत्र**

प्रतिनिधि दर्ता नं: ...............

..............................बस्ने, श्री.....................................लाई धितोपत्र सम्बन्धी ऐन तथा यस अन्तर्गत बनेका नियम, बिनियम तथा अन्य प्रचलित कानूनको अधीनमा रही .......................को प्रतिनिधिको रुपमा कार्य गर्न यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिने पदाधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

बोर्डको छापः

## अनुसूची–१२ (क)

(नियम ३० संग सम्बन्धित)

### ग्राहक परिचय विवरण (व्यक्ति भएमा)

| ग्राहकको पासपोर्ट साईजको फोटो |
|---|

१. ग्राहकको विवरणः

नामः ..........................................................................
नागरिकता प्रमाणपत्र नं. ...............................................................
नागरिकता जारी मिति र स्थानः ................................च........................
बाबु/आमाको नामः ..........................................................................
पति/पत्निको नामः .........................................................................
वाजे/ससुराको नामः .......................................................................
ग्राहकको पेशाः ..............................................................................
कुनै कार्यालय/संस्थामा कार्यरत भए कार्यालय/संस्थाको नाम र ठेगानाः
.........................................................................................................................................

२. स्थायी ठेगानाः ............................अंचल...........................जिल्ला ................................ गा. वि.स./न.पा.
टोल....................वडा नं.........ब्लक नं......... फोन नं................ फ्याक्सः............इमेल .................

३. हालको ठेगानाः ...................अंचल....................जिल्ला ......................... गा. वि.स./न.पा./म. न. पा.
टोल....................वडा नं.........ब्लक नं......... फोन नंः................ फ्याक्सः............इमेल .................

४. ग्राहकले धितोपत्र कारोवार गर्दा प्रयोग गर्ने बैंक/वित्तिय संस्थाः
नामः .........................................................................................................................................
ठेगानाः ......................................................................................................................................
खाता नं.: ....................................................................................................................................

५. संरक्षकको रुपमा नावालक/बिक्षिप्त व्यक्तिको लागि समेत कारोवार गर्ने भएमाः

| नावालक/बिक्षिप्त व्यक्तिको नाम | संरक्षकसँगको सम्बन्ध | जन्म मिति | जन्म दर्ता प्रमाणपत्र नं र जारी स्थान |
|---|---|---|---|
| ...................................... | ......................... | ............... | ....................................... |
| ...................................... | ......................... | ............... | ....................................... |

ग्राहकको दस्तखतः . . . . . . . . . . . . .
मितिः

| कार्यालय प्रयोजनको लागि |
|---|
| ग्राहक परिचय दर्ता नंः |
| मितिः |
| रुजु गर्ने अधिकारीको नामः |
| दस्तखतः |

संलग्नः
१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. नावालकको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. बिक्षिप्त व्यक्तिको हकमा कानुन बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

**अनुसूची–१२ (ख)**

(नियम ३० संग सम्बन्धित)

**<u>ग्राहक परिचय विवरण (कम्पनी वा संगठित संस्था भएमा)</u>**

१. कम्पनी वा संगठित संस्थाको नामः .............................................................................................
दर्ता नं. र मितिः .............................................................................................................
कम्पनी वा संगठित संस्थाको व्यवसाय क्षेत्रः ................................................................................
कम्पनी वा संगठित संस्थाको प्यान नम्बरः ..................................................................................

२. ठेगानाः
जिल्ला ............................ गा. वि. स. ⁄ न. पा. ...................... टोल ..........................वडा नं.............
फोन नं ..............................................................................................................................
फ्याक्स नं. .................................................. इमेल ...................................................................

३. कम्पनी वा संगठित संस्थाले धितोपत्र कारोवार गर्दा प्रयोग गर्ने बैंक ⁄ वित्तिय संस्थाः
नामः ......................................................................................................................................
ठेगानाः.....................................................................................................................................
खाता नं.: .................................................................................................................................

४. संचालक र कार्यकारी प्रमुखको नाम तथा ठेगानाः

| नाम | पद | गा. वि. स. ⁄ न. पा. | टोल | वडा नं. | फोन नं | इमेल |
|---|---|---|---|---|---|---|

कार्यकारी प्रमुखको नामः

दस्तखतः

मितिः

कार्यालयको छापः

---

<u>संलग्नः</u>
१. कम्पनी वा संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. धितोपत्र कारोबार गर्न ग्राहक परिचय विवरण भर्ने सम्बन्धमा संचालक समितिको निर्णय ।

<u>कार्यालय प्रयोजनको लागि</u>
ग्राहक परिचय दर्ता नः
मितिः
रुजु गर्ने अधिकारीको नामः
दस्तखतः

## अनुसूची–१३

(नियम ३३ को उपनियम (१) संग सम्बन्धीत)

**<u>धितोपत्र दलाली वापत लिन सक्ने सेवा शुल्क</u>**

१. धितोपत्र शेयर भएमा खरीद बिक्री कारोबार रकमको बढीमा १.५ प्रतिशतसम्म,

२. धितोपत्र नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र भएमा खरीद बिक्री कारोबार रकमको बढीमा ०.२० प्रतिशतसम्म,

३. खण्ड (१) तथा (२) मा उल्लेखित बाहेक अन्य धितोपत्र भएमा खरीद बिक्री कारोबार रकमको बढीमा ०.७५ प्रतिशतसम्म ।

माथि (१), (२) तथा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलालले ग्राहकबाट पाउने सेवा शुल्क २५ रुपैयाँ भन्दा कम हुने छैन ।

<u>द्रष्टव्य:</u> धितोपत्र दलालले कारोबार सेवा प्रदान गरे वापत उपरोक्त सेवा शुल्क बाहेक अतिरिक्त रकम ग्राहकबाट लिन सक्ने छैन ।

## अनुसूची–१४

(नियम ३३ को उपनियम (२) संग सम्बन्धित)

### धितोपत्र दलाल तथा धितोपत्र व्यापारीले जम्मा गर्नुपर्ने कारोवार दस्तुर

१. धितोपत्र दलालले धितोपत्र बजारमा जम्मा गर्नुपर्ने कारोवार दस्तुरः

(क) धितोपत्र शेयर भएमा खरीद बिक्री कारोबार रकमको ०.०३ प्रतिशत,
(ख) धितोपत्र नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र भएमा खरीद बिक्री कारोबार रकमको ०.००५ प्रतिशत,
(ग) खण्ड (क) तथा (ख) मा उल्लेखित बाहेक अन्य धितोपत्र भएमा खरीद बिक्री कारोबार रकमको ०.०१५ प्रतिशत ।

२. धितोपत्र व्यापारीले धितोपत्र बजारमा जम्मा गर्नुपर्ने कारोवार दस्तुरः

(क) धितोपत्र शेयर भएमा खरीद बिक्री कारोबार रकमको ०.००५ प्रतिशत,
(ख) धितोपत्र नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र भएमा खरीद बिक्री कारोबार रकमको ०.००१ प्रतिशत,
(ग) खण्ड (१) तथा (२) मा उल्लेखित बाहेक अन्य धितोपत्र भएमा खरीद बिक्री कारोबार रकमको ०.००२ प्रतिशत ।